अनुसूची -२

(दफा ३ संग सम्वन्धित)

अमरगढी नगरपालिका

**स्थानीय राजपत्र**

| | | |
|---|---|---|
| खण्ड: ४ | संख्या : १ | मिति : २०७८।०५।१६ |

भाग-२

अमरगढी नगरपालिका
नगरकार्यपालिकाको कार्यालय
डडेल्धुरा
सुदूरपश्चिम प्रदेश, नेपाल

# पोषण मैत्री स्थानीय शासन वडा तथा पालिका पोषण कार्यविधि, २०७८

आज्ञाले
लक्ष्मी प्रसाद उपाध्याय
प्रमुख प्रशासकीय अधिकृत

अमरगढी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
डडेलधुरा
सुदूरपश्चिम प्रदेश, नेपाल

टिप्पणी आदेश नं. मिति ..................

## टिप्पणी आदेश

बिषय :

### पोषण मैत्री स्थानीय शासन वडा तथा पालिका घोषणा कार्यविधि, २०७८

अमरगढी नगर सभाबाट पारित मिति: २०७७।०६।०२
प्रमाणिकरण मिति: २०७७।०६।०९
स्थानिय राजपत्रमा प्रकाशित मिति: २०७७।०६।१२

**१.प्रस्तावना:**

मातृ तथा बाल मृत्युदर घटाउनुका साथै बालबालिकाको उच्चतम मानसिक विकास गरी देशको मानवीय पुजी बृद्धि गरेर समग्रमा मुलुकको द्रुत आर्थिक विकासका लागि पोषणको अवस्थामा सुधार गर्न अपरिहार्य भएकोले पोषणको क्षेत्रमा थप लगानी गर्न जरुरी भएको र कुपोषण सम्बन्धी विभिन्न समस्या समाधान गर्न बहुक्षेत्रीय अवधारणा लागू गर्नुपर्ने विश्वव्यापी मान्यतालाई स्वीकार गरी मातृ तथा बाल्यकालीन पोषणको अवस्थामा सुधार ल्याउने मुख्य उद्देश्यले नेपाल सरकारबाट २०६९ जेठ ३२ मा स्वीकृत बहुक्षेत्रीय पोषण योजना पहिलो र दोस्रो क्रमिक रुपमा कार्यान्वयन गरिदै आएकोमा नेपालको संघीय संविधान जारी भई संघ, प्रदेश तथा स्थानीय तह गरी तीन तहको राज्यको संरचना रहने व्यवस्था भएकाले र सोही बमोजिम स्थानीय सरकार सञ्चालन ऐन २०७४ जारी भै कार्यान्वयनमा आएको सन्दर्भमा संघीय संबिधान र स्थानीय सरकार सन्चालन ऐन, २०७४ ले दिएको अधिकार क्षेत्र भित्र रही यो पोषणमैत्री स्थानीय शासन अबलम्बनका लागि पोषणमैत्री वडा तथा पालिका घोषणा कार्यविधि, २०७७ जारी गरी लागु गरिएको छ।

**२.पृष्ठभूमि**

नेपालले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा व्यक्त गरेका विभिन्न समझदारी तथा प्रतिबद्धताहरु कार्यान्वयन गर्ने सन्दर्भमा बालबालिका, महिला तथा किशोरीहरुको पोषणको अबस्था सुधारको लागि गरेका सबै प्रतिबद्धताका साथै दिगो विकास लक्ष्य र विश्व स्वास्थ्य सभाले तोकेका स्वास्थ्य तथा पोषण सम्बन्धी लक्ष्य तथा सूचकहरु पुरा गर्न राज्य र राज्यका सबै निकाय र तहको दायित्व तथा जिम्मेवारी रहेको छ।

अन्तर्राष्ट्रिय रुपमा नै कुपोषणको समस्या निराकरण गर्ने कार्यलाई सामाजिक, आर्थिक तथा मानवीय विकासका साथै दिगो विकास लक्ष्य प्राप्त गर्ने आधारको रुपमा लिइएको छ। कुपोषणबाट सृजना हुने समस्याहरु गम्भीर, दुरगामी तथा अपुरणीय किसिमको हुने कुरा विभिन्न अध्ययनले प्रष्ट पारेको छ। हामी सबैको प्रयत्नबाट मात्रै महिला, बालबालिका र किशोरीहरुमा हुने कुपोषणलाई उल्लेख्य रुपमा घटाउन सम्भव छ भन्ने कुरालाई मनन गर्दै यस अमरगढी नगरपालिकाले बहुपक्षीय प्रयत्न, अभियान

र कार्यक्रम सञ्चालन गरिरहेको छ। पोषणको क्षेत्रमा भएका उपलब्धीहरुलाई दिगो बनाई थप प्रगति हासिल गर्न पर्याप्त स्रोत साधनको व्यवस्था सहित सम्बद्ध सबै तह, विषयगत शाखा र विभिन्न क्षेत्रहरुबाट थप प्रतिबद्धता सहित सहयोग, सहजिकरण र समन्वय आवश्यक छ।

दिगो विकास लक्ष्य, नेपाल सरकारका राष्ट्रिय, अन्तर्राष्ट्रिय प्रतिबद्धताको पूर्णतामा योगदान दिन स्वास्थ्य र पोषण सुधारको अभियानलाई व्यवस्थित र क्रमबद्ध रुपमा अगाडी बढाउने दीर्घकालीन सोच राख्दै, मिति २०७६ माघ २८ मा पालिकाको समग्र पोषण स्थिति सुधारका लागि अमरगढी नगरपालिकाले गरेको २० बुदे प्रतिबद्धता समेत जारी गरेको छ र एकीकृत स्वास्थ्य तथा पोषण सम्बन्धी प्रतिबद्धताको मूलमन्त्र **"पोषिलो खाना, शुद्धपानी, साबुनपानीले हातधुने, चर्पी प्रयोग र फोहर व्यवस्थापनको अपरिहार्यता, अमरगढी नगरपालिकाले गरेको छ सबै नागरिकलाई अनिवार्यता"** रहने कुरा समेत उल्लेख गरेको छ। यस्का साथै पोषण सम्बन्धी पोखरा प्रतिबद्धता, २०७३ र बहुक्षेत्रीय पोषण योजना दोस्रोको परिच्छेद ३ को दफा ३.६ गाउँ तथा नगरपालिका स्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिको काम, कर्तव्य र अधिकारको बुँदा (क) अन्तर्गत रही यो पोषणमैत्री वडा तथा पालिका घोषणा कार्यविधि, २०७७ तयार गरी कार्यान्वयनमा ल्याइएको छ।

**३. उद्देश्यहरु**

पोषणमैत्री स्थानीय शासन वडा तथा पालिका घोषणा कार्यविधि, २०७७ का उद्देश्यहरु देहाय बमोजिम रहेका छन्:

क) बहुक्षेत्रीय पोषण योजना कार्यान्वयन अन्तर्गत पोषणमैत्री स्थानीय शासन अबलम्बनका लागि नगरपालिका तथा यस नगरपालिकाले छनौट गरेका वडाहरुले आफूलाई पोषणमैत्री वडा घोषणा गर्न आवश्यक प्रक्रिया र सूचनाका बारेमा जानकारी दिने।

ख) पोषणमैत्री स्थानीय शासन घोषणाको लागि नगरपालिका, वडा र सरोकारवालाहरुले गर्ने अनुगमन, जिम्मेवारी तथा भूमिकाबारे जानकारी दिने।

ग) पोषणमैत्री स्थानीय शासन वडा तथा पालिका घोषणाका लागि आवश्यक क्षेत्रगत तथा विषयगत सूचक, न्यूनतम लक्ष्य, विश्लेषण गर्ने तरिका निर्धारण गर्ने।

घ) पोषणमैत्री स्थानीय शासन वडा तथा पालिका घोषणाका लागि आवश्यक प्रक्रिया, विधि, खुड्किला तथा चरणहरु बारे मार्गदर्शन गर्ने।

ङ) पोषणमैत्री स्थानीय शासन वडा तथा पालिका घोषणाका लागि आवश्यक फारमहरु र दस्तावेजहरुबारे मार्गदर्शन गर्ने।

च) पोषणमैत्री स्थानीय शासन अबलम्बन अन्तर्गत पोषणमैत्री वडा तथा पालिका घोषणालाई सहज बनाउन आवश्यक सहजीकरण तथा सहयोग पुर्याउने।

**४. कार्यविधिको प्रयोग र प्रयोगकर्ताहरु**

यो पोषणमैत्री स्थानीय शासन वडा तथा पालिका घोषणा कार्यविधि, २०७७ लाई अमरगढी नगरपालिकाले पोषणमैत्री वडा घोषणाका लागि प्रयोग गर्नेछ । यस कार्यविधिको अधीनमा रही अमरगढी नगरपालिकाले पोषणमैत्री स्थानीय शासन वडा घोषणाका अभियानहरु कार्यान्वयन गर्नेछ। पोषणमैत्री स्थानीय शासन वडा तथा पालिका घोषणा कार्यविधि, २०७७ को मुख्य प्रयोगकर्ता अमरगढी नगरपालिका र यसका सबै वडा कार्यालयहरु, विषयगत शाखाहरु, बहुक्षेत्रीय पोषण योजना अन्तर्गत सञ्चालित विभिन्न कार्यक्रमहरु, विकास साझेदारहरु र सम्बन्धित सरोकारवालाहरु हुनेछन्। सम्बन्धित सबै पक्षले सूचनाको माध्यमबाट पोषणमैत्री स्थानीय शासन अवलम्बन र वडा तथा पालिका घोषणाका प्रक्रिया, प्रतिफल र नतिजाहरुको व्याख्या र विश्लेषण गर्न सक्नेछन्।

**५. पोषणमैत्री स्थानीय शासन भनेको के हो ?**

क) मानव पूँजीको विकासका साथै समग्र सामाजिक एवं आर्थिक विकासमा कुपोषण अबरोधको रुपमा नरहने सुनिश्चित गर्नको लागि दीर्घ कुपोषणलाई उल्लेखनीय रुपमा न्यूनिकरण गर्ने तर्फ मुलुकलाई अग्रसर गराउने सोचका साथ विद्यमान संघीय संरचना बमोजिम संघ, प्रदेश र स्थानीय तहहरुका नीति, संरचना, प्रणाली, कार्य प्रक्रिया र व्यवहारमा संस्थागत गर्ने शासकीय पद्धति।

ख) यस पद्धतिले स्थानीय तहलाई मातृशिशु तथा बाल्यकालिन पोषणको स्थितिमा सुधार ल्याउन योजना तर्जुमा गर्ने, बजेट विनियोजन गर्ने, सभाबाट योजना तथा बजेट स्वीकृत गर्ने, स्वीकृत योजनाको कार्यान्वयन गर्ने, अनुगमन गर्ने, सार्वजनिक सुनुवाई, प्रचार प्रसार गर्ने कुरामा जोड दिन्छ।

ग) सामाजिक, आर्थिक तथा मानव विकासमा प्रतिकूल प्रभाव पार्ने कुपोषणलाई न्यूनीकरण गर्न बहुक्षेत्रीय पोषण योजनालाई विद्यमान संघीय संरचाना बमोजिम संघ, प्रदेश र स्थानीय तहहरुबाट प्राथमिकताका साथ कार्यान्वयन गरिनु पर्छ भन्ने सवाललाई कार्यप्रक्रिया र व्यवहारमा लागु गर्ने प्रक्रिया तथा पद्धति नै पोषणमैत्री स्थानीय शासन हो।

अमरगढी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
डडेलधुरा
सुदूरपश्चिम प्रदेश, नेपाल

टिप्पणी आदेश नं.          मिति ............................

## टिप्पणी आदेश

बिषय :

**६. पोषणमैत्री स्थानीय शासनको लक्ष्य:**

पोषणमैत्री स्थानीय शासनको प्रर्बद्धन मार्फत पोषण विशेष, पोषण संवेदनशील र समर्थ बनाउने वातावरण सम्बन्धी कार्यक्रमहरुको विस्तार गरी पोषण सेवाको उपलब्धता र गुणस्तरमा उल्लेखनीय सुधार गरी महिला, किशोरी तथा बालबालिकाको पोषणको अवस्थामा सुधार ल्याउन र पोषण सेवाको सुनिश्चतता र दिगोपना कायम गर्नु नै पोषणमैत्री स्थानीय शासनको लक्ष्य रहेको छ।

**७. पोषणमैत्री स्थानीय शासनको उद्देश्य:**

क) स्थानीय तहका सबै क्षेत्र र निकायहरुको नीति, संरचना, प्रणाली र कार्य सञ्चालन प्रक्रियामा पोषणका सवालहरुको मूलप्रवाहीकरण गर्ने।

ख) पोषण संवेदनशील सेवाहरुको पहुँच र उपभोग बढाई स्वस्थ बानी–व्यवहारमा सुधार ल्याउने।

ग) पोषण तथा खाद्य सुरक्षा सम्बन्धी कार्यक्रमहरु एकीकृत रुपमा कार्यान्वयन गरी महिला, बालबालिका तथा किशोरीहरुको स्वास्थ्य तथा पोषणको अवस्थामा सुधार ल्याउने।

घ) पोषणका सवालहरुलाई स्थानीय तहको शासन पद्धतिसंग आबद्ध गरी पोषणका सम्बन्धमा भएका स्थानीय, राष्ट्रिय तथाअन्तर्राष्ट्रिय प्रतिबद्धताहरुलाई व्यवहारमा उतार्ने।

**८. पोषणमैत्री स्थानीय शासन किन:**

१ नेपालमा मातृशिशु तथा बाल्यकालिन पोषणको स्थितिमा सुधार ल्याउन नेपाल सरकार, संयुक्त राष्ट्र संघीय निकायहरु, विकास साझेदारहरु, निजी क्षेत्र र नागरिक समाजका प्रतिनिधिहरुबाट २०६९ साल असोज ४ गते प्रतिबद्धता सहितको घोषणापत्रमा हस्ताक्षर गर्दै बहुक्षेत्रीय पोषण योजना पहिलो ५ वर्षेको सफल कार्यान्वयनको उपलब्धि र सिकाईका आधारमा आ.व.२०७५र७६ देखि २०७९र८० सम्म दोस्रो ५ वर्षे योजनाको रुपमा कार्यान्वयन भइरहेको छ।

२ नेपालले दिगो विकास लक्ष्य अनुरुप सन् २०३० सम्ममा कुपोषणलाई अन्त्य गर्ने अन्तर्राष्ट्रिय प्रतिबद्धता व्यक्त गरेको छ।

३ विश्व स्वास्थ्य सभाले निर्धारण गरेको लक्ष्य अनुसार नेपालले सन् २०२५ को अन्त्यमा कुपोषणको दर २४ प्रतिशत पुर्याउने।

४ बहुक्षेत्रीय पोषण योजनाको सफल कार्यन्वयनको कर्तव्य र जिम्मेवारी स्थानीय तहको रहेको छ ।

५ नेपालले क्षेत्रीय तथा अन्तर्राष्ट्रिय जगतमा व्यक्त गरेका प्रतिबद्धताहरुलाई पूर्णता दिने कार्यमा सम्बद्ध सबैको थप प्रयास आवश्यक छ ।

६ सामाजिक, आर्थिक तथा मानव विकासमा प्रतिकूल प्रभाव पार्ने कुपोषणलाई न्यूनीकरण गर्न बहुक्षेत्रीय पोषण योजनालाई विद्यमान संघिय संरचाना बमोजिम संघ, प्रदेश र स्थानीय तहहरुबाट प्राथमिकताका साथ कार्यान्वयन गरिनु पर्छ ।

७ स्थानीय तहमा यस योजनाको सफल कार्यान्वयनले मात्र समग्र विकास प्रतिफल निर्धारण गर्ने हुनाले स्थानीय तहको नेतृत्वमा जोड दिइएको छ ।

८ पोषणका सवालहरुलाई स्थानीय तहको शासन पद्धतिसंग आबद्ध गरी पोषणका सम्बन्धमा भएका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिबद्धतालाई व्यवहारमा उतार्न पोषणमैत्री स्थानीय शासनले सहयोग पुर्याउनेछ ।

**९. विषयगत क्षेत्र र सूचकहरुः**

१) स्वास्थ्य
२) शिक्षा
३) महिला तथा बालबालिका
४) खानेपानी तथा सरसफाई
५) पशु
६) कृषि
७) सुशासन

**१०. क्षेत्रगत सूचक निर्धारण खाका**

| क्र.सं. | सूचकहरु | अपेक्षित जनसंख्या | हालको अवस्था | न्यूनतम लक्ष्य | पुष्ट्याईका आधारहरूः | क्षेत्रगत जिम्मेवारी |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

अमरगढी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
डडेलधुरा
सुदूरपश्चिम प्रदेश, नेपाल

टिप्पणी आदेश नं.                                        मिति ..........................

## टिप्पणी आदेश

बिषय :

**११. पोषणमैत्री स्थानीय शासन वडा घोषणाको प्रक्रिया**

१ पालिका स्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशकको बैठक, कार्यपालिकाको निर्णय हुँदै नगर तथा गाउँ सभाबाट पोषणमैत्री स्थानीय शासन अबलम्बन गर्ने निर्णय।

२ पोषण सुधारको लागि सामुहिक प्रतिबद्धता र तहगत समितिहरुको निर्णय ।

३ पोषण संवेदनशील र पोषण लक्षित योजना बनाई यस्को कार्यान्वयन ।

४ बहुक्षेत्रीय पोषण योजना र पोषणमैत्री स्थानीय शासन अवधारणा सम्बन्धी विभिन्न तहमा सम्बन्धित सरोकारवाला र लक्षित वर्गलाई अभिमुखीकरण ।

५ क्षेत्रगत सूचकहरु निर्धारण गर्ने र सो बारे नगर तथा वडा तहमा छलफल ।

६ पोषणमैत्री स्थानीय शासन वडा र पालिका घोषणा कार्यान्वयनका लागि चरणगत तथा तहगत खुडकिला तय गरी पुरा गर्ने।

७ वडास्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिबाट निर्णय भई घोषणाका लागि कार्यपालिकामा पेश गर्ने।

८ नगरपालिका र वडा स्तरीय पोषण प्रोफाइल गर्ने।

९ पोषणमैत्री स्थानीय शासन वडा र पालिका घोषणा कार्यान्वयनका लागि आधार सर्वेक्षण गरेको आधारमा यसका लागि न्यूनतम लक्ष्य तय गर्ने।

१० सो सूचकहरु सम्बन्धित विषयगत शाखाबाट प्रमाणिकरण गर्ने।

११ नगरपालिका र वडाले पोषण सुधारको लागि रणनीति योजना बनाई कार्यान्वयन गर्ने।

१२ पोषण सुधारका लागि वडा स्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशक समिति र नगरपालिका स्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशक समिति अन्तर्गत घोषणा उप समिति गठन र सोको अभिमुखीकरण गर्ने।

१३ पोषण सुधारको अबस्थाबारे सरोकारवालाबाट अभियान कार्यान्वयनको अवस्थाबारे अनुगमन भएको र प्रमाणिकरण भएको सूचकहरुको आधारमा प्रतिवेदन तयार भई सो अनुसारका बिषयहरु पूरा गर्ने।

१४ पोषणमैत्री स्थानीय शासन वडा र पालिका घोषणाका लागि आवश्यक कार्य पूरा भए नभएको स्थलगत अनुगमन गरी सहमति प्रदान गरिदिन सम्बन्धित माथिल्लो निकाय (जिसस तथा सम्बन्धित प्रदेश तथा संघीय मन्त्रालय) लाई प्रतिवेदन सहित अनुरोध गर्ने।

अमरगढी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
डडेलधुरा
सुदूरपश्चिम प्रदेश, नेपाल

टिप्पणी आदेश नं.

# टिप्पणी आदेश

मिति ...........................

बिषय :

१५ सम्बन्धित माथिल्लो निकाय (संघ र प्रदेश तथा सम्बन्धित मन्त्रालय) बाट स्थलगत अनुगमन गरी आवश्यक सुझाव दिने।

१६ सामाजिक जवाफदेहिता बमोजिम सम्पन्न कार्यहरुको सामाजिक लेखापरीक्षण गरेको र गुनासो सुनुवाई समिति गठन गर्ने।

१७ वडा तथा पालिकामा पोषण डेस्क, पोषण कर्नर र स्तनपान कक्षको व्यवस्था गर्ने।

१८ सम्बन्धित माथिल्लो निकाय (संघ र प्रदेश तथा सम्बन्धित मन्त्रालय र जिसस) बाट स्थलगत अनुगमनका आधारमा दिएको सुझावको कार्यान्वयन गर्ने।

१९ सम्बन्धित माथिल्लो निकायले दिएको सुझावको कार्यान्वयन पश्चात अन्तिम प्रतिवेदन तयार गर्ने।

२० निश्चित कार्य योजना सहित नगर तथा वडा सभाबाट पोषणमैत्री स्थानीय शासन वडा घोषणा गर्ने निर्णय गर्ने।

२१ घोषणा उन्मुख पालिकाले पोषणको स्थितिपत्र र पोषण आचार संहिता प्रकाशन गरी कार्यान्वयन गरेको हुनु पर्ने।

२२ पोषणमैत्री स्थानीय शासन घोषणाको लागि शुरु देखि अन्तिमसम्म भए गरेका कार्यहरुको रेकर्ड गरी दस्तावेजीकरण गर्ने।

२३ पोषणमैत्री स्थानीय शासन घोषणाका लागि सर्वप्रथम कुनै एउटा वडाबाट सुरु गर्ने र क्रमशः सबै वडाहरु घोषणा गर्दै पालिकालाई नै घोषणा गर्ने।

**१२. पोषणमैत्री स्थानीय शासन घोषणाका चरण र खुड्किलाहरु**

पहिलोः बहुक्षेत्रीय पोषण योजनाले निर्दिष्ट गरेका कुराहरु, नगरपालिकाको स्वास्थ्य तथा पोषण सुधारका सम्बन्धमा बनेका नीतिहरु तथा पोषणमैत्री स्थानीय शासनको अवधारणाबारेमा पालिका तथा वडा स्तरमा अभिमुखिकरण।

दोस्रोः पालिका तथा वडा स्तरमा गठित पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिको बैठकबाट पोषण मैत्रीअभियान सञ्चालन सम्बन्धमा निर्णय।

तेस्रोः सूचकहरुको अवस्था सम्बन्धमा आधारभूत सर्वेक्षण र फाइन्डिंगका आधारमा कार्ययोजना निर्माण।

चौथोः वडा तथा टोल स्तरमा अभियान सञ्चालन तथा व्यवस्थापन समिति गठन र परिचालन।

पाचौः सूचकहरुको पूर्णताका लागि समुदाय तथा घरधुरी स्तरमा पोषण सम्वेदनशील तथा पोषण विशेष क्रियाकलापहरुको व्यापक सञ्चालन।

छैठौः वडा तथा पालिकाका विषयगत शाखाबाट अभियानको नियमित फलोअप तथा अनुगमन।

सातौः अनुगमनमा देखिएका सुधार गर्नुपर्ने विषयमा थप अभियान सञ्चालन।

आठौः अन्तिम अनुगमन गरी सूचकको पूर्णता भएको सम्बन्धमा स्थितिपत्र प्रकाशन गर्ने र सार्वजनिकीकरण।

नवौः नगरकार्यपालिका, जिल्ला समन्वय समिति, प्रदेश तथा संघ स्तरबाट अनुगमन गरी प्रमाणिकरण।

दशौः वडा स्तरमा वडा घोषणा सभा तथा सम्पूर्ण वडा घोषणा पश्चात पालिका घोषणा सभा आयोजना।

एघारौः पोषणमैत्री गाउँ, वडा र पालिका घोषणा तथा यसको निरन्तरता एवं दिगोपना।

**१३.पोषणमैत्री स्थानीय शासन घोषणाका आवश्यक दस्तावेजहरु**

१. पोषणको बस्तुगत विवरण तथा प्रतिबद्धता र कार्ययोजनाहरु

२. अभियान सञ्चालनका लागि विभिन्न समयमा भएका निर्णयहरु

३. सूचकहरुको अवस्था स्थितिपत्र

४. सूचक प्राप्ति र उपलब्धी सहितको प्रतिवेदन

५. विषयगत शाखाहरुले गरेको सूचक प्रमाणीकरण विवरण

६. नगरपालिका र जिससको स्थलगत अनुगमनको प्रतिवेदन

७. बहुक्षेत्रीय पोषण योजनाको वार्षिक योजना

८. विभिन्न प्रतिबद्धताहरु, कार्यविधि, बैठक निर्णय, नीतिहरु

९. पोषणमैत्री स्थानीय शासन घोषणाका लागि गरिएका पत्राचारहरु, पम्पलेट, ब्रसरहरु

१०. पोषणमैत्री स्थानीय शासन पश्चात दिगोपना र निरन्तरताको लागि रणनीतिक योजना

**१४. पोषणमैत्री स्थानीय शासन घोषणाका लागि विभिन्न तहहरुको भूमिका र जिम्मेवारीहरु**

क.वडा समिति तथा कार्यालयको भूमिका तथा जिम्मेवारीः

नगर कार्यपालिकाको कार्यालय

डडेलधुरा

सुदूरपश्चिम प्रदेश, नेपाल

टिप्पणी आदेश नं.                                    मिति ..........................

# टिप्पणी आदेश

बिषय :

१ हरेक सूचकका आधारमा शुरुको अवस्था र अन्तिम अवस्थाको सूचना तुलनात्मक रुपमा राख्ने ।

२ विभिन्न समिति, उपसमिति कार्यटोली बनाई कामको जिम्मेवारी बाँडफाँड गर्ने ।

३ पोषण डेस्क, पोषण कर्नर स्थापना गर्ने ।

४ विभिन्न गतिबिधिका चित्र, फ्लेक्स र सफलताका कथा तयार गर्ने ।

५ पोषण सम्बन्धी वालपेन्टीङ र होडिङबोर्डहरु राख्ने ।

६ पोषणमैत्री अभियानका बारेमा सबैलाई जानकारी गराउने, प्रचार प्रसार गर्ने ।

७ बहुक्षेत्रीय पोषण योजना अन्तर्गतका क्रियाकलापहरु कार्यान्वयन गराउने ।

८ पोषणमैत्री स्थानीय शासन सम्बन्धी वडाको प्रस्तुतीहरु तयार गर्ने ।

९ घोषणाको आवश्यक प्रबन्ध मिलाउने ।

ख. नगरपालिका स्तरीय समिति तथा कार्यालयको भूमिका तथा जिम्मेवारीः

१ नीतिगत पैरवीः पोषणमैत्री स्थानीय शासन पद्धतिलाई नगरपालिकाको नीति, संरचना र कार्य प्रक्रियामा मूलप्रवाहीकरण गर्ने ।

२ योजनातर्जुमाः योजना, बजेट, कार्यान्वियन, नक्सांकन, वडा र बस्ती छनौट ।

३ समन्वय तथा सहजीकरणः सरकारी तथा गैससंग सम्पर्क, परिचालन, बैठक, समिति गठन ।

४ अनुगमन तथा मुल्यांकनः नियमित बैठक, संयुक्त अनुगमन, प्रगति समिक्षा, सूचना व्यवस्थापन, पृष्ठपोषण, अनुगमन र मुल्यांकन ।

५ समिक्षा तथा विश्लेषणः स्थितिपत्र प्रकाशन, नियमित क्रियाकलापहरुको कार्यान्वयन, प्रगति समिक्षा, पालिका स्तरीय बैठक, कमजोर सूचक पुरा गर्न थप स्रोत परिचालन र वडालाई आवश्यक सहयोग र सहजिकरण ।

६ क्षमता विकासः सबै विषयगत क्षेत्र र सरोकारवालाको क्षमता विकास, परिचालन, सन्जाल गठन र संस्थागत विकास ।

ग. जिल्ला समन्वय समिति तथा कार्यालयको भूमिका तथा जिम्मेवारीः

१ हरेक सूचकका आधारमा शुरुको अवस्था र अन्तिम अवस्थाको सूचना तुलनात्मक रुपमा विश्लेषण गरी आवश्यक सुझाव दिने ।

२ स्थलगत अनुगमन तथा मुल्यांकन गर्ने ।

३ आवश्यक सहजीकरण र सहयोग गर्ने ।

४ पालिका, प्रदेश र संघ बिच समन्वयको भूमिका निर्वाह गर्ने ।
५ पोषणमैत्री स्थानीय शासन घोषणाका लागि सिफारिस गर्ने ।
६ पोषणको क्षेत्रमा काम गर्ने संघ संस्थाहरुको परिचालनका लागि समन्वय गर्ने ।
७ पोषणमैत्री स्थानीय शासन घोषणाका लागि प्राविधिक सहयोग उपलब्ध गराउने ।
८ जिल्ला स्तरीय बैठकको आयोजना गर्ने र जिल्लास्थित कार्यालयहरुको परिचालनका लागि समन्वय गर्ने ।

घ. प्रदेश तथा संघको भूमिका तथा जिम्मेवारीः

१ पोषणमैत्री स्थानीय शासनको अबधारणा, रणनीति, निर्देशिकाहरुको विकास गर्ने ।
२ बहुक्षेत्रीय पोषण योजना अन्तर्गतका क्रियाकलापहरुको कार्यान्वयनकालागि क्षेत्रगत बजेट विनियोजन गर्ने ।
३ विभिन्न क्षमता विकासका कार्यहरु गर्ने ।
४ संघ तथा प्रदेश स्तरीय समितिहरुको गठन, पुनर्गठन र नियमित बैठक र परिचालन ।
५ विभिन्न दातृ निकाय, विषयगत मन्त्रालय, नागरिक समाज, पत्रकार, सांसद आदि निकायहरुसँग समन्वय गर्ने र स्रोतको सुनिश्चितता गर्ने ।
६ पोषणमैत्री स्थानीय शासन घोषणाका लागि सिफारिस गर्ने ।
७ अनुगमन तथा मूल्यांकन गर्ने ।
८ आवश्यक सहजीकरण र सहयोग गर्ने ।

**१५. स्पष्टीकरण तथा बचाउः**

यो कार्यविधि, यसका प्राबधानहरु र बुँदाहरु संघ र प्रदेश अन्त्रगतको कार्यविधिसंग बाझिने छैनन । यदि बाझिएको हकमा बाझिएका प्राबधानहरु तथा यो कार्यविधि नै स्वतःखारेज भएको मानिनेछ ।

**१६. पुरुस्कार तथा सम्मानः**

घोषणा कार्यमा सहयोग, सहजीकरण गर्ने विभिन्न व्यक्ति, कार्यालय, निकाय र संघ संस्थाहरुलाई सम्मान गर्न सकिनेछ । यसका साथै यस कार्यविधि अनुसार वडा घोषणमा पहिलो घोषणा गर्ने वडा लाई पुरुस्कार प्रदान गरिनेछ । त्यसै गरी दोस्रो, तेस्रो, चौथो हुने वडाहरुलाई क्रमशः मुल्याकंनका आधारमा पुरुस्कार प्रदान गरिनेछ ।

**१७. अनुसूचीहरुः**

अनुसूची १

# अमरगढी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
डडेलधुरा
सुदूरपश्चिम प्रदेश, नेपाल

टिप्पणी आदेश नं.                                                    मिति ..........................

## टिप्पणी आदेश

बिषय :

पोषणमैत्री स्थानीय शासन अन्तर्गत पोषणमैत्री वडा घोषणाको लागि तयार गरिएको क्षेत्रगत सूचकहरु र न्यूनतम लक्ष्य ।

पोषणमैत्री स्थानीय शासनको लागि तयार गरिएको सूचकहरु र न्युनतम लक्ष्य

| क्र.स | सूचकहरु | न्युनतम लक्ष्य प्रतिशत |
|---|---|---|
| १ | विषयगत क्षेत्रः स्वास्थ्य | |
| १.१ | गर्भवती महिलाले कम्तिमा ४ पटक पूर्व प्रसुति जाँच गरेको | ८० % |
| १.२ | सुत्केरी महिलाले कम्तिमा ३ पटक उत्तर प्रसुति जाँच गरेको | ८० % |
| १.३ | गर्भवती महिलाले कम्तिमा २ पटक टिडि खोप पाएको | ९० % |
| १.४ | १८० आइरन चक्की खाने गर्भवती महिलाहरु | ९० % |
| १.५ | स्वास्थ्य संस्थामा सुत्केरी गराउने | ८० % |
| १.६ | तालिम प्राप्त स्वास्थ्यकर्मीबाट सुत्केरी गराएको | ८० % |
| १.७ | ५ वर्ष मुनीका बालकालिकाहरुले वर्षमा २ पटक भि.ए.क्या. र जुकाको औषधी पाएको | ९५% |
| १.८ | २४ महिना सम्मका बालकालिकाहरुले नियमित बृद्धि अनुगमन गरेको | ८० % |
| १.९ | जन्मेदेखि ६ महिनासम्म पूर्ण स्तनपान गराएको | ८० % |
| १.१० | स्तनपानका साथै सही समयमा थप खानाको सुरुवात गरेको | ८०% |
| १.१५ | कम तौलका शिशुको जन्म | २ % |
| १.१६ | आयोडिनयुक्त नुन खाने घरधुरी प्रतिशत | ९५% |
| १.१ | पूर्ण खोपयुक्त स्थानीय तहरवडा | १००% |
| १.१८ | १८० स्याचेट बालभिटा वितरण गरेको बालबालिका | ८० % |
| १.१९ | बालबालिकाहरुलाई बालभिटा नियमित खुवाउने | ८० % |
| १.२० | गर्भवती अवस्थामा थप पटक तथा पोषिलो खाना खाने | ८० % |
| १.२१ | सुत्केरी अवस्थामा थप पटक तथा पोषिलो खाना खाने गरेको | ८० % |
| १.२२ | ६ देखि २३ महिनाका बालबालबालिकाहरुलाई मातृशिशु बाल्यकालिन पोषणको मापदण्ड अनुसार खाना खुवाउने आमाहरु | ९५% |
| १.२३ | बालबालिकाहरुलाई झाडा पखाला लागेको बेला जिंक चक्की र जिवनजल खुवाउने | ८० % |
| १.२४ | स्वास्थ्य आमा समूहहरुको बैठकमा नियमित सहभागिता हुने सुनौला हजार दिनका आमाहरु | ८० % |
| १.२५ | पोषण मैत्री घोषणा भएका वा मापदण्ड पुगेका स्वास्थ्य संस्थाहरु | ८० % |

बिषय :

| | | |
|---|---|---|
| १.२५ | खानेपानी तथा सरसफाइका लागि आवश्यक मापदण्ड पूरा गरेका स्वास्थ्य संस्थाहरु | ८० % |
| २ | विषयगत क्षेत्रः शिक्षा | न्युनतम लक्ष्य |
| २.१ | नियमित आइरन चक्की सेवन गर्ने विद्यालयभित्र रहेका १० देखी १९वर्षका किशोरीहरु | ९० % |
| २.२ | बालविवाह, छाउपडी प्रथा विरुद्धको अभियान, सडक नाटक, वादविवाद, हाजिरीजवाफ जस्ता पोषण संवेदनशिल अतिरिक्त क्रियाकलापहरु सञ्चालन गर्ने माध्यमिक विद्यालय | ९५% |
| २.३ | प्रारम्भिक बालविकास संचालन भएका आधारभूत तहका विद्यालय | ९५% |
| २.४ | जंक फुड निषेधित तथा दिवाखाजा व्यवस्था भएका आधारभूत विद्यालय | ९५% |
| २.५ | पोषण कर्नर तथा साबुनपानीले हात धुने स्थान भएका विद्यालयहरु | ९५% |
| २.६ | विद्यालय व्यवस्थापन समिति, अभिभावक शिक्षक संघको बैठकमा पोषण सम्बन्धी विषयवस्तु छलफल गर्ने विद्यालय | ९५% |
| २.७ | सफा सौचालय भएका विद्यालय | ९५% |
| २.८ | विद्यालय वरिपरिको वातावरण सफा भएका विद्यालय | ९५% |
| २.९ | बालबालिकाहरुको लागि सफा र शुद्ध खानेपानी सुबिधा भएका विद्यालय | ९५% |
| २.१० | जेष्ठको पहिलो हप्ता बालबालिकाहरुको प्रारम्भिकजाँच गर्ने विद्यालय | ९५% |
| २.११ | अर्धवार्षिक रुपमा जुकाको औषधी खाने बालबालिकाहरु | ९०% |
| २.१२ | विद्यालयमा प्राथमिक उपचार बाकस उपलब्ध भएका विद्यालयहरु | ९५% |
| २.१४ | बाल क्लव गठन तथा परिचालन गरिरहेका विद्यालयहरु | ९५% |
| ३ | विषयगत क्षेत्रः महिला तथा बालबालिका | न्युनतम लक्ष्य |
| ३.१ | विद्यालय बाहिर रहेका १० देखी १९वर्षका किशोरीहरुले आइरन चक्की सेवन | ९०% |
| ३.२ | महिला तथा बालबालिकामा हुने लैङ्गिक हिंसा सम्बन्धी ज्ञान भएका किशोरीहरु | ८०% |
| ३.३ | २०वर्ष मुनिको विबाह कानूनी रुपमा दण्डनीय छ भनेर जानकार किशोर किशोरीहरु | ८०% |
| ३.४ | श्रीमतीलाई सुनौला १००० दिनको अवधिमा सहयोग गर्नु पर्छ र पोषिलो खाना खुवाउनु पर्छ भनेर जानकार श्रीमानहरु | ८०% |
| ३.५ | बुहारीलाई सुनौला १००० दिनको अवधिमा सहयोग गर्नु पर्छ र पोषिलो खाना खुवाउनु पर्छ भनेर जानकार श्रीमानहरु | ८०% |
| ३.६ | छोरा र छोरीलाई विभिद गरिनु हुँदैन भनेर जानकार तथाअभ्यास गरिरहेका बुवाहरु | ८०% |
| ३.७ | घरमा छाउगोठ भएका घरधुरीहरु | ०% |
| ४ | विषयगत क्षेत्रः खानेपानी तथा सरसफाई | न्युनतम लक्ष्य |
| ४.१ | स्वच्छ खानेपानीको लागि पानी शुद्धिकरणको व्यवस्था तथा सुविधा (फिल्टर आदि) भएका घरधुरी | ९५% |
| ४.२ | व्यवस्थित तथा सफा शौचालय भएका घरधुरी प्रतिशत | ९५% |
| ४.३ | सावुनपानीले हातधुने (६ वटै अवस्थामा) बारेमा ज्ञानभएका सुनौला १००० दिनका आमाहरु | ९०% |
| ४.४ | वरिपरिको वातावरण सफा र सुरक्षित रहेका खानेपानीका मुहानहरु | ९०% |

# अमरगढी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
डडेलधुरा
सुदूरपश्चिम प्रदेश, नेपाल

टिप्पणी आदेश नं. मिति ..........................

## टिप्पणी आदेश

विषय :

| | | |
|---|---|---|
| ४.५ | गुणस्तर जाँच गरिएका खानेपानीका मुहानहरु | ८०% |
| ४.६ | फोहोर पानी पुनः प्रयोग गर्ने गरी जुठेल्नो सुधार भएका घरधुरीहरु | ८०% |
| ४.७ | धुवारहित चुलो तथा भान्साको व्यवस्थापन (ग्याँस, झ्याल भएको) | ७०% |
| ४.८ | फोहर फाल्ने खाल्डो भएका घरधुरी | ८०% |
| ४.९ | पशु मलमुत्र व्यवस्थापन भएका घरधुरी | ७०% |
| ४.१० | भाडा सुकाउने च्याङ र मोरी (हातधुने स्थान) भएका घरधुरी | ९५% |
| ५ | विषयगत क्षेत्रः कृषि विकास | न्युनतम लक्ष्य |
| ५.१ | करेसाबारी को महत्वबारे ज्ञान भएका घरधुरी | ८०% |
| ५.२ | करेसाबारी स्थापना गरेका घरधुरी | ८०% |
| ५.३ | रैथाने बाली (कोदो, फाँपर) हरु संरक्षण बारे ज्ञान तथा अभ्यास गरिरेका घरधुरी | ८०% |
| ५.४ | कम्पोष्ट मलको महत्व तथा बनाउने ज्ञान र सिप भएका घरधुरी | ८०% |
| ५.५ | अन्नजन्य खाना तथा गेडागुडी बाह्रै महिना उपलब्ध हुने (उत्पादन वा किनेर) घरधुरी | ८०% |
| ६ | विषयगत क्षेत्रःपशुपन्छी विकास | न्युनतम लक्ष्य |
| ६.१ | पशुपंक्षीपालन सम्बन्धी ज्ञान भएका घरधुरी | ८०% |
| ६.२ | खानका लागि घरमा दुध वा दुधजन्य खाना उपलब्ध भएका घरधुरी | ८०% |
| ६.३ | कुखुरा पालन गरेका वा घरमा खानका लागि अण्डा उपलब्ध भएका घरध्ुारी | ८०% |
| ७ | विषयगत क्षेत्रः शासकीय प्रबन्ध | न्युनतम लक्ष्य |
| ७.१ | बाल नगद अनुदानलाई पोषणमा लगानी गर्ने घरधुरी | ८०% |
| ७.२ | पोषण तथा खाद्य सुरक्षा निर्देशक समिति गठन (स्थानीय तह) | भएको हुनुपर्ने |
| ७.३ | पोषण तथा खाद्य सुरक्षा निर्देशक समिति गठन (वडा तह) | भएको हुनुपर्ने |
| ७.४ | पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिको बैठक (स्थानीय तह) | नियमितहुनुपर्ने |
| ७.५ | पोषण तथाखाद्य सुरक्षा निर्देशक समितिको बैठक (वडा तह) | नियमितहुनुपर्ने |
| ७.६ | वस्ती स्तरबाट पोषण योजना माग भएको नभएको र बजेट विनियोजन भए नभएको | भएको हुनुपर्ने |
| ७.७ | स्थानीय तहमा पोषण तथा खाद्य सुरक्षासम्बन्धी कार्यक्रमहरुको योजना तथा कार्यान्वयनको संयोजन गर्न कार्यपालिका सदस्यलाई संयोजक तोके नतोकेको | तोकेको हुनुपर्ने |
| ७.८ | विषयगत शाखाहरुबाट पोषण तथा खाद्य सुरक्षासम्बन्धी कार्यक्रमहरुको सम्पर्क व्यक्ति | तोकेकोहुनुपर्ने |
| ७.९ | स्थानीय तहले पोषण कार्यक्रमका लागि कम्तीमा बजेट छुट्टयाइएको रकम | २० लाख |
| ७.१० | नगर सभाबाट पोषण सम्बन्धी नीति तथा कार्यक्रम पारित | भएको हुनुपर्ने |
| ७.११ | स्थानीय तहको दीर्घकालीन, आवधिक तथा वार्षिक कार्यक्रममा बहुक्षेत्रीय पोषण योजना अनुसारका कार्यक्रम समावेश | भएको हुनुपर्ने |
| ७.१२ | स्थानीय तहमा कार्यरत कर्मचारीहरुको लागि क्षमताअभिबृद्धि सम्बन्धी क्रियाकलापहरु सञ्चालन | भएको हुनुपर्ने |
| ७.१३ | स्थानीय तहको पोषण पाश्र्वचित्र तयार भए नभएको | भएको हुनुपर्ने |
| ७.१४ | पालिका तथा वडा कार्यालयमा पोषण कर्नर स्थापना भए नभएको | भएको हुनुपर्ने |

# अमरगढी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
डडेलधुरा
सुदूरपश्चिम प्रदेश, नेपाल

टिप्पणी आदेश नं.

## टिप्पणी आदेश

मिति ...........................

बिषय :

अनुसूची २

पोषणमैत्री स्थानीय शासन का सूचक विश्लेषण (निकाल्ने) तरिका

| अमरगढी नगरपालिकाका, डडेल्धुरा | | | | | |
|---|---|---|---|---|---|
| पोषणमैत्री स्थानीय शासन का सूचक विश्लेषण (निकाल्ने) तरिका | | | | | |
| क्र.सं. | विवरण तथा क्षेत्रगत सूचकहरु | लक्षित संख्या | प्रगति | नतिजा प्रतिशतमा | कैफियत |
| क | ख | ग | घ | ङ | च |
| १ | करेसाबारी स्थापना गरेका घरधुरी | जम्मा घरधुरी | करेसाबारी स्थापना गर्ने घरधुरी | घ लाई ग ले भाग गरी १०० ले गुणा गर्दा आउने संख्या | |
| | उदाहरणका लागिः सूचना लिएको दिनसम्म जम्मा मानौ कुनै वडाको जम्मा घरधुरी ३१५ रहेछ , करेसाबारी स्थापना गर्ने ३०३ र नगर्ने घरधुरी १२ रहेन भने | ३२० | ३०३ | ९६% | ३०३/३१५*१०० |
| यस्तै तरिकाले अवस्था पत्ता लगाउन सकिन्छ। | | | | | |

अनुसूची ३

पोषणमैत्री स्थानीय शासनका सूचकप्राप्तीको अवस्था विवरण फाराम

| क्र.सं. | विवरण तथा क्षेत्रगत सूचकहरु | आधार अवस्था | न्युनतम लक्ष | हालको अवस्था | पुष्ट्याइका आधारहरु |
|---|---|---|---|---|---|
| १ | स्वास्थ्य | | | | |
| १.१ | | | | | |
| १.२ | | | | | |
| २ | शिक्षा | | | | |
| २.१ | | | | | |

# अमरगढी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
डडेलधुरा
सुदूरपश्चिम प्रदेश, नेपाल

टिप्पणी आदेश नं. मिति ..........................

## टिप्पणी आदेश

बिषय :

| | | | | | |
|---|---|---|---|---|---|
| २.२ | | | | | |
| ३ | महिलातथाबालबालिका | | | | |
| ३.१ | | | | | |
| ३.२ | | | | | |

अनुसूची ४

पोषणमैत्री स्थानीय शासन घोषणामा रहेको वडा र पालिकाको संक्षिप्त कार्ययोजना

पोषणमैत्री स्थानीय शासनका सूचक प्राप्तीको अवस्था विवरण फाराम

| क्र स | मुख्य समस्याहरु | कारण | समस्या समाधानका उपायहरु | आवश्यक बजेट | जिम्मेवार निकाय तथा व्यक्ति | समय सिमा | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | पोषिलो खानाको पहुँच कम हुनु | सचेतना को कमी | घरधुरी स्तरमा प्राबिधिक परिचालन | १५ लाख | नगरपालिका | २०७७ अषाढ मसान्त | |
| २ | सधै अण्डा नखानु | प्राविधिक रुपमा ज्ञान नहुनु | प्रत्येक वडामा सचेतना अभिमुखीकरण कार्यक्रम संचालन | २ लाख | वडा, कृषि तथा पशुपंक्षी विकास शाखा | आव २०७७/७८ | |

अनुसूची ५

पोषणमैत्री आचार संहिता

पोषणमैत्री स्थानीय शासन दिगोपनाका लागि आचार संहिता

| नगरपालिका, वडा कार्यालय र विषयगत शाखाहरुको पोषणमैत्री आचार संहिता | शैक्षिक संस्थाको पोषणमैत्री आचार संहिता | परिवार र समुदायको पोषणमैत्री आचार संहिता | बालबालिकाको पोषणमैत्री आचार संहिता | कैफियत |
|---|---|---|---|---|
| १ | १ | १ | १ | |
| २ | २ | २ | २ | |
| ३ | ३ | ३ | ३ | |
| ४ | ४ | ४ | ४ | |

# अमरगढी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
डडेलधुरा
सुदूरपश्चिम प्रदेश, नेपाल

टिप्पणी आदेश नं.

मिति ..............................

## टिप्पणी आदेश

बिषय :

अनुसूची ६

पोषणमैत्री स्थानीय शासन कार्यान्वयन संयुक्त अनुगमन फारम

पोषणमैत्री स्थानीय शासन कार्यान्वयन अनुगमन फाराम

| क्र सं | विवरण तथा क्षेत्रगत सूचकहरु | न्यूनतम् लक्ष्य पुरा भएको | | सूचनाको स्रोत | सिफारिस तथा सुझावहरु |
|---|---|---|---|---|---|
| | | छ | छैन | | |
| १ | स्वास्थ्य | | | | |
| १.१ | | | | | |
| १.२ | | | | | |
| २ | शिक्षा | | | | |
| २.१ | | | | | |
| २.२ | | | | | |
| ३ | महिला तथा बालबालिका | | | | |
| ३.१ | | | | | |
| ३.२. | | | | | |

सम्पादित उल्लेखनिय कार्यहरु

- 
- 
- 

राम्रा तथा उदाहरणीय सफलताहरु

- 
- 
- 

| अनुगमनकर्ताको राय तथा मन्तव्य | | | | |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |

# अमरगढी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
डडेलधुरा
सुदूरपश्चिम प्रदेश, नेपाल

टिप्पणी आदेश नं.

## टिप्पणी आदेश

मिति ...............................

बिषय :


| | | | | |
|---|---|---|---|---|
| | | | | |


अनुगमनकर्ताको विवरण


| क्र. सं. | नाम थर | पद | कार्यालय | दस्तखत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |

अनुसूची ७

पोषण सुधारको लागि सामूहिक प्रतिबद्धताः


अमरगढी नगरपालिका
डडेल्धुरा
सुदूरपश्चिम प्रदेश, नेपाल
एकिकृत स्वास्थ्य तथा पोषण सम्बन्धी प्रतिबद्धता २०७८





# अमरगढी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
डडेलधुरा
सुदूरपश्चिम प्रदेश, नेपाल

टिप्पणी आदेश नं. मिति ........................

## टिप्पणी आदेश

बिषय :

नुसूची ८

पोखरा प्रतिबद्धता, २०७३

## पोषण सम्बन्धी पोखरा प्रतिवद्धता २०७३

२०७३ पौष २८ र २९ गते पोखरामा आयोजना गरिएको राष्ट्रिय पोषण गोष्ठीमा उपस्थित स्वास्थ्य मन्त्रालय, स्वास्थ्य सेवा विभागका सम्बद्ध पदाधिकारीहरु, ५ वटै क्षेत्रीय स्वास्थ्य निर्देशनालयका निर्देशकहरु, ७५ वटै जिल्लाका स्वास्थ्य/जनस्वास्थ्य कार्यालयका प्रमुख तथा पोषण सम्पर्क व्यक्तिहरु, संयूक्त राष्ट्र संघीय निकाय एवम् विकास साझेदार संस्था तथा नागरिक समाजका प्रतिनिधिहरुले सामूहिक रुपमा हामी गुणस्तरिय पोषण सेवालाई स्थानीय तहसम्म सर्वव्यापि पहुँचमा पुऱ्याउदै दिगो विकासका लक्ष्यहरु हासिल गर्न प्रतिवद्ध छौं ।

नेपाली जनता विशेषतः मातृ, शिशु तथा वाल्यकालीन पोषण स्थितिमा सुधार ल्याउन २००४ मा राष्ट्रिय पोषण नीति तथा रणनीति कार्यान्वयनमा आए संगै नेपाल सरकारवाट स्विकृत बहुक्षेत्रीय पोषण योजना २०६९-२०७३, राष्ट्रिय स्वास्थ्य नीति २०७१, नेपाल स्वास्थ्य क्षेत्र रणनीति २०७२-२०७७ तथा Scaling Up Nutrition, World Health Assembly 2012 लगायतका अन्तराष्ट्रिय प्रतिवद्धताहरु कार्यान्वयनमा रहेका छन् । सोही बहुक्षेत्रीय प्रतिवद्धतालाई मनन् गर्दै राष्ट्रिय योजना आयोगको नेतृत्वमा स्वास्थ्यसँग सम्बन्धित पोषण योजनाहरुलाई स्वास्थ्य मन्त्रालयले आफ्ना कार्यक्रमहरु बिभिन्न तहगत सरचना मार्फत सकृयतापूर्वक कार्यान्वयन गरिरहेको सन्दर्भमा ती कार्यक्रमहरुलाई क्रमवद्ध रुपमा अघि बढाउन र बिभिन्न तहमा पोषणका सन्दर्भमा साझा बुझाइ कायम गरी दिगो विकास लक्ष्य सहित अन्य घोषित लक्ष्यमा पुग्नका लागि आधार तय गर्न निम्न अनुसारका प्रतिवद्धता जाहेर गर्दछौं ।

१. राष्ट्रिय पोषण गोष्ठी, पोखराको मूल मन्त्र *"स्वस्थ सुखी र समृद्ध परिवार हाम्रो सरोकार, प्रभावकारी बहुक्षेत्रीय पोषण सेवा जनताको अधिकार"* लाई मुर्त रुप दिन आ-आफ्नो कार्य क्षेत्रबाट प्रतिबद्ध छौं ।

२. राष्ट्रिय योजना आयोगको संयोजन तथा समन्वयमा लागु भइरहेको बहुक्षेत्रीय पोषण योजनालाई अझ प्रभावकारी रुपमा सन्चालन गर्नका लागि स्वास्थ्य मन्त्रालयले पोषण क्षेत्रमा सशक्त प्राविधिक नेतृत्व प्रदान गर्ने ।

३. संघीय संरचनामा मुलुक उन्मुख भइरहेको परिप्रेक्ष्यमा पोषणको महत्वलाई दृष्टिगत गर्दै तत्पश्चात हुने संगठनात्मक ढाँचामा केन्द्र, प्रदेश तथा स्थानीय तहहरुमा पोषणलाई समावेश गरी पोषणको मूल प्रवाहिकरण गर्ने ।

४. यसै आर्थिक बर्ष भित्र नेपालका ७५ जिल्लाहरुमा जिल्ला स्वास्थ्य/जनस्वास्थ्य कार्यालयमा पोषण अधिकृतहरुको व्यवस्था प्रारम्भ गरी साथै हरेक स्वास्थ्य संस्थाहरुमा पोषण सम्पर्क व्यक्ति तोकि पोषणसम्बद्ध कार्यक्रमहरुलाई प्रभावकारी ढंगले लक्षित समुदायसम्म पुऱ्याउने ।

५. बहुक्षेत्रीय पोषण योजनाको दस्तावेजमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालय अन्तरगत राष्ट्रिय पोषण केन्द्र स्थापना गर्ने प्राबधान रहेको र सो विषयमा तत्कालीन मन्त्रिपरिषदबाट निर्णय समेत भइसकेको सन्दर्भमा मुलुक सघीय ढाँचामा रुपान्तरण भइसकेको हुदा संघीय तहमा नै पोषण सम्बन्धी एउटा सशक्त निकायको स्थापना गर्न तुरुन्तै पहल गर्ने ।

६. बहुक्षेत्रीय पोषण योजनाले निर्दिष्ट गरे अनुसारका स्वास्थ्य सम्बन्धी पोषण सेवाहरुलाई स्थानीय तहसम्म समावेशि र समतामूलक सिद्धान्त अनुरुप विस्तार गर्ने । यसै आर्थिक बर्षबाट कुपोषण र खाद्य असुरक्षाको दृष्टिले अति प्रभावित जिल्लाहरुमा कुपोषण उपचार तथा व्यवस्थापन सहितको एकिकृत पोषण कार्यक्रम सन्चालन गर्ने ।

७. आगामी आर्थिक वर्ष देखि पोषण सम्बन्धी छुट्टै बजेट कोड स्थापना गरी श्रोतको परिचालन गर्न सम्बन्धित निकायहरुसंग पहल गर्ने ।

८. विकास साझेदारहरुको सहयोग र योगदान प्राप्तिको ढाँचामा एकरुपता ल्याइ राष्ट्रिय पोषण प्रारुप अन्तरगत एकद्वार प्रणाली अपनाइ पोषण क्षेत्रका कार्यक्रमहरुलाई पूर्णता दिन (Complete coverage) सुनिश्चित गर्ने ।

९. क्षेत्र तथा जिल्ला तहमा उपलब्ध साधन तथा श्रोतको समन्वयात्मक रुपमा अधिकतम परिचालन गरी नतिजामूलक उपलब्धी हासिल गर्ने ।

१०. स्थानीय तहमा उपलब्ध श्रोत र साधनलाई उच्चतम सदुपयोग गर्ने गरी पूर्ण पोषणयूक्त घर, गाउ, जिल्ला अभियान सन्चालन गर्नको लागि यसै आर्थिक वर्ष भित्र कार्यविधि तयार पारी अभियान घोषणा गर्ने ।

# अमरगढी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
डडेलधुरा
सुदूरपश्चिम प्रदेश, नेपाल

टिप्पणी आदेश नं. मिति ..........................

## टिप्पणी आदेश

बिषय :

नुसूची ८

पोखरा प्रतिबद्धता, २०७३

### पोषण सम्बन्धी पोखरा प्रतिवद्धता २०७३

२०७३ पौष २८ र २९ गते पोखरामा आयोजना गरिएको राष्ट्रिय पोषण गोष्ठीमा उपस्थित स्वास्थ्य मन्त्रालय, स्वास्थ्य सेवा विभागका सम्बद्ध पदाधिकारीहरु, ५ वटै क्षेत्रीय स्वास्थ्य निर्देशनालयका निर्देशकहरु, ७५ वटै जिल्लाका स्वास्थ्य/जनस्वास्थ्य कार्यालयका प्रमुख तथा पोषण सम्पर्क व्यक्तिहरु, संयुक्त राष्ट्र संघीय निकाय एवम् विकास साझेदार संस्था तथा नागरिक समाजका प्रतिनिधिहरुले सामूहिक रुपमा हामी गुणस्तरिय पोषण सेवालाई स्थानीय तहसम्म सर्वव्यापि पहुँचमा पुर्‍याउदै दिगो विकासका लक्ष्यहरु हासिल गर्न प्रतिबद्ध छौं ।

नेपाली जनता विशेषतः मातृ, शिशु तथा बाल्यकालीन पोषण स्थितिमा सुधार ल्याउन २००४ मा राष्ट्रिय पोषण नीति तथा रणनीति कार्यान्वयनमा आए सँगै नेपाल सरकारबाट स्विकृत बहुक्षेत्रीय पोषण योजना २०६९-२०७३, राष्ट्रिय स्वास्थ्य नीति २०७१, नेपाल स्वास्थ्य क्षेत्र रणनीति २०७२-२०७७ तथा Scaling Up Nutrition, World Health Assembly 2012 लगायतका अन्तर्राष्ट्रिय प्रतिबद्धताहरु कार्यान्वयनमा रहेका छन् । सोही बहुक्षेत्रीय प्रतिबद्धतालाइ मनन् गर्दै राष्ट्रिय योजना आयोगको नेतृत्वमा स्वास्थ्यसँग सम्बन्धित पोषण योजनाहरुलाई स्वास्थ्य मन्त्रालयले आफ्ना कार्यक्रमहरु बिभिन्न तहगत संरचना मार्फत सफलतापूर्वक कार्यान्वयन गरिरहेको सन्दर्भमा ती कार्यक्रमहरुलाई क्रमबद्ध रुपमा अघि बढाउन र बिभिन्न तहमा पोषणका सन्दर्भमा साझा बुझाई कायम गरी दिगो विकास लक्ष्य सहित अन्य घोषित लक्ष्यमा पुग्नका लागि आधार तय गर्न निम्न अनुसारका प्रतिबद्धता जाहेर गर्दछौं ।

१. राष्ट्रिय पोषण गोष्ठी, पोखराको मूल मन्त्र *"स्वस्थ सुखी र समृद्ध परिवार हाम्रो सरोकार, प्रभावकारी बहुक्षेत्रीय पोषण सेवा जनताको अधिकार"* लाई मुर्त रुप दिन आ-आफ्नो कार्य क्षेत्रबाट प्रतिबद्ध छौं ।

२. राष्ट्रिय योजना आयोगको संयोजन तथा समन्वयमा लागु भइरहेको बहुक्षेत्रीय पोषण योजनालाई अझ प्रभावकारी रुपमा सञ्चालन गर्नका लागि स्वास्थ्य मन्त्रालयले पोषण क्षेत्रमा सशक्त प्राविधिक नेतृत्व प्रदान गर्ने ।

३. संघीय संरचनामा मुलुक उन्मुख भइरहेको परिप्रेक्ष्यमा पोषणको महत्वलाई दृष्टिगत गर्दै तत्पश्चात हुने संगठनात्मक ढाँचामा केन्द्र, प्रदेश तथा स्थानीय तहहरुमा पोषणलाई समावेश गरी पोषणको मूल प्रवाहिकरण गर्ने ।

४. यसै आर्थिक वर्ष भित्र नेपालका ७५ जिल्लाहरुमा जिल्ला स्वास्थ्य/जनस्वास्थ्य कार्यालयमा पोषण अधिकृतहरुको व्यवस्था प्रारम्भ गरी साथै हरेक स्वास्थ्य संस्थाहरुमा पोषण सम्पर्क व्यक्ति तोकि पोषणसम्बद्ध कार्यक्रमहरुलाई प्रभावकारी ढंगले लक्षित समुदायसम्म पुर्‍याउने ।

५. बहुक्षेत्रीय पोषण योजनाको दस्तावेजमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालय अन्तरगत राष्ट्रिय पोषण केन्द्र स्थापना गर्ने प्रावधान रहेको र सो विषयमा तत्कालीन मन्त्रिपरिषदबाट निर्णय समेत भइसकेको सन्दर्भमा मुलुक संघीय ढाँचामा रुपान्तरण भइसकेको हुदा संघीय तहमा नै पोषण सम्बन्धी एउटा सशक्त निकायको स्थापना गर्न तुरुन्तै पहल गर्ने ।

६. बहुक्षेत्रीय पोषण योजनाले निर्दिष्ट गरे अनुसारका स्वास्थ्य सम्बन्धी पोषण सेवाहरुलाई स्थानीय तहसम्म समावेशि र समतामूलक सिद्धान्त अनुरुप विस्तार गर्ने । यसै आर्थिक वर्षबाट कुपोषण र खाद्य असुरक्षाको दृष्टिले अति प्रभावित जिल्लाहरुमा कुपोषण उपचार तथा व्यवस्थापन सहितको एकिकृत पोषण कार्यक्रम सञ्चालन गर्ने ।

७. आगामी आर्थिक वर्ष देखि पोषण सम्बन्धी छुट्टै बजेट कोड स्थापना गरी श्रोतको परिचालन गर्न सम्बन्धित निकायहरुसंग पहल गर्ने ।

८. विकास साझेदारहरुको सहयोग र योगदान प्राप्तिको ढाँचामा एकरुपता ल्याइ राष्ट्रिय पोषण प्रारुप अन्तरगत एकद्वार प्रणाली अपनाई पोषण क्षेत्रका कार्यक्रमहरुलाई पूर्णता दिन (Complete coverage) सुनिश्चित गर्ने ।

९. क्षेत्र तथा जिल्ला तहमा उपलब्ध साधन तथा श्रोतको समन्वयात्मक रुपमा अधिकतम परिचालन गरी नतिजामूलक उपलब्धी हासिल गर्ने ।

१०. स्थानीय तहमा उपलब्ध श्रोत र साधनलाई उच्चतम सदुपयोग गर्ने गरी पूर्ण पोषणयुक्त घर, गाउ, जिल्ला अभियान सञ्चालन गर्नको लागि यसै आर्थिक वर्ष भित्र कार्यविधि तयार पारी अभियान घोषणा गर्ने ।

प्रमाणिकरण गर्नेको

नामः विश्वेश्वर प्रसाद ओझा

पदः नगर प्रमुख

मितिः२०७७।०६।१२